नेपाल सरकार

महिला वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,

सिंहदरवार, काठमाडौं

**हिंसा पीडित महिला तथा किशोरीहरुको लागि मंगला साहाना दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन गर्न (परामर्श) सेवा खरिदका लागि आशयपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति :-२०७८/४/२३**

यस मन्त्रालयको चालु आ.व. २०७८/७९ को लागि हिंसा पीडित महिला तथा किशोरीहरुको लागि संचालित मंगला साहाना दीर्घकालीन पुनर्स्थापना केन्द्रलाई व्यवस्थापन करारबाट संचालन गराउनुपर्ने भएकोले लैगिक हिंसा पीडित महिला तथा किशोरीहरुको पुनर्स्थापना कार्यमा **कम्तीमा ५ बर्षको कार्य अनुभव** भएका इच्छुक एवं योग्य संस्थाहरुबाट देहायका कागजातहरु सहित रितपूर्वक आशयपत्र पेश गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० बमोजिम यो सूचना प्रकाशन गरिएको छ। योग्यता पुगेका इच्छुक संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र यस मन्त्रालयमा आशयपत्र पेश गर्न आव्हान गरिन्छ।

**आवश्यक कागजात तथा जानकारी**

१. आशयपत्रदाताको संस्थाको नाम, ठेगाना सहित संस्थाको मुख्य कर्मचारीको योग्यता, क्षमता तथा अनुभव र जनशक्तिको वैयक्तिक विवरण र कार्यक्षेत्रगत शर्तमा उल्लेख भए बमोजिम कागजात पेश गरेको हुनुपर्ने।

२. संस्था दर्ता, आ.व. २०७७/७८ को लागि नविकरण गरेको संस्थाको प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर एवं कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपिहरु।

३. आशयपत्र एक्लै वा अन्य संस्थासंग संयुक्त उपक्रम (Joint Venture) मा पनि पेश गर्न सकिनेछ। संयुक्त उपक्रममा आशयपत्र पेश गर्दा सो सम्बन्धी कागजात पनि साथै पेश गर्नुपर्नेछ।

४. प्रचलित कानून बमोजिम अयोग्य नरहेको स्वघोषणा पत्र।

५. आशयपत्र लिने एवं दर्ता गर्ने अन्तिम दिन सार्बजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समयभित्र आशयपत्र सम्बन्धी दस्तावेज लिन एवं आशयपत्र दर्ता गर्न सकिनेछ।

६. रित नपुगेका र निर्धारित समय भित्र प्राप्त नभएका निवेदन उपर कुनै कारवाही हुनेछैन।

७. पेश भएका आशयपत्र कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने वा नगर्ने अधिकार यस मन्त्रालयमा रहनेछ।

८. संस्थाले पेश गरेको आधिकारिक कागजातहरुमा उल्लेखित विवरणको मूल्यांकन गरी संक्षिप्त सूचीमा परेका संस्थाहरुसंग मात्र प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिनेछ।

९. उक्त आशयपत्र सम्बन्धी कार्यक्षेत्रगत शर्त सहितका अन्य कागजात यस मन्त्रालयको Website: www.mowcsc.gov.np बाट Download गर्न सकिनेछ।

१०. यस सम्बन्धी जानकारीका लागि मन्त्रालयको टेलिफोन नं.०१४२००५०२ मा सम्पर्क गर्न सकिनेछ।